# प्रतिवेदन

**बिषय : क्षयरोग चौमासिक समिक्षा कार्यक्रम ।**

**परिचय:**

क्षयरोग निदान तथा उपचार सेवा कार्यक्रम संचालन गर्दा आइपरेका समस्या समाधान तथा उपचारमा संलग्न स्वास्थ्यकर्मीहरुलाई अध्यावधिक गराउन र क्षयरोगका बिरामीको निदान र उपचार नतिजाको विश्लेषण गरी अन्य क्षयरोग सम्वन्धि जानकारी हासिल गराउनुका साथै सुधारमा सहयोग पूर्याउने ।

**उदेश्य :**

- क्षयरोग नियन्त्रण कार्यक्रमका सुचकहको प्रगति विश्लेषण तथा विवेचना गर्ने ।
- कार्यक्रममा कार्यान्वयनमा आइपरेका समस्या पहिचान समाधानमा सहयोग पुर्‍याउर्ने ।

**स्थान र समय :**

वडा नं. ७ ,नगदेश स्वा.चौ. जेठ ६ गते महिना २०७७ साल

**सहभागिहरु :**

लोकन्थली स्वा.चौ.,वालकुमारी स्वा.चौ.,नगदेश स्वा.चौ.,ठिमी स्वा.तौ.,वोडे स्वा.चौ., शहरी स्वास्थ्य केन्द्र वोडे केन्द्र,नागरिक अस्पताल,मध्यमुर अस्पताल, नेपाल कोरिया फ्रेण्डशीप नगर पालिका अस्पताल र शहरी स्वास्थ्य केन्द्र निकोसेरा यी संस्थाहरुमा न.पा.का स्वास्थ्यकर्मी लगायत अन्य कर्मचारीहरु उपस्थितिको प्रतिलिपि यसैसाथ संलग्न रहेको छ ।

**कार्यक्रमका विधि :**

प्रश्नावलि,छलफल,अवलोकन, शिक्षण,फाराम भरी डाटा विष्लेषण

**गतिविधि :**

यस कार्यक्रममा क्षयरोगका सेवा स्थिति ,समस्याहरुका बारेमा छलफल,रजिष्टर प्रयोगको अवलोकन,रिपोर्ट संकलन ,विरामीको पोषण भत्ताबारे जानकारी,हाल प्रयोगमा आएका क्षयरोगका औषधिबारे जानकारी गरीयो । यस चौमासिकमा जम्मा नयाँ विरामी संख्या ४९ जना उपचार सुरु गरिएका र ५१ जना उपचार पुरा गरको छन ।

**सकारात्मक पक्ष :**

क्षयरोगका विरामी उपचारमा औषधिको समस्या नरहेको ,उपचार पुरागर्ने बिरामी धेरै रहेको ।

**सुधार गर्नुपर्ने पक्ष :**

यस न.पा.क्षेत्र बाहिरका सेवाग्राहीलाई सेवा दिँदा नजिकको साक्षि राखेर दिँदा सेवा निरन्तरतामा सहयोग पुग्ने । सबै सेवा ग्राहीहरुलाई डट्स सेवामा नै राख्नु पर्ने , रेकर्डिङ,रिपोर्टिङमा ध्यानदिनु पर्ने,खकार पोजेटिभ बिरामीहरुका समयमा नै खकार परिक्षण गराउनु पर्ने ।

**आर्थिक बाँडफाँड :**

निम्न बमोजिमको वजेट वाँडफाँडको खर्च विवरणको विल भरपाई यसैसाथ संलगन रहेको छ ।

| सि.नं. | जम्मा लागत रकम | भत्ता | संख्या | कर १५ प्रतिशत | यातायता | संख्या | खाजा,स्टेशनरी,विविध | कर १.५प्रतिशत | जम्मा कर | कर कट्टी गरी जम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३१९५० | १३८५० | २४ | २०७८ | ८५०० | २४ | ९६०० | १४४ | २२२२ | २९७२८ |